जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ३९ २०८३ साल जेठ ११ गते, सोमबार Monday, May.– 25 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## बाराका सीमावर्ती नाकामा तस्करी मौलायो, सुरक्षा संयन्त्रमाथि संरक्षणको आरोप

**कलैया/सिम्रौनगढ, जेठ १० –** बाराका सीमावर्ती क्षेत्र सिम्रौनगढ, पचरौता, रामनगर लगायतका नाकामा पछिल्लो समय संगठित तस्करी तीव्र बनेको भन्दै स्थानीयवासीले सुरक्षा संयन्त्रमाथि संरक्षण दिएको गम्भीर आरोप लगाएका छन्। कपडा, किराना, काजु-किसमिस, फर्मालिनयुक्त माछादेखि लागूऔषधसम्मको अवैध कारोबार खुलेआम भइरहेको स्थानीयको दाबी छ। ईलाका प्रहरी कार्यालयका प्रहरी निरिक्षक किसुनदेव साहको संरक्षणमा जिल्ला देखि प्रदेशसम्म लाईनको मिलाएको आरोप छ।



स्थानीय स्रोतका अनुसार सिम्रौनगढ हुँदै कपडा तस्करी व्यापक रूपमा भइरहेको छ। नामुद कपडा तस्कर भोला साहले दर्जनौं मोटरसाइकलमार्फत विभिन्न नाकाबाट दैनिक लाखौं रुपैयाँ बराबरको कपडा भित्र्याउँदै आएको आरोप छ।

यसैगरी भारतीय तस्कर अरबिन्द साहले सिम्रौनगढमै बसेर आफ्नो सञ्जाल सञ्चालन गरिरहेको बताइएको छ। पछिल्लो समय उच्च मूल्यका चकलेट चारचक्के सवारीमार्फत ओसारपसार गरिनुका साथै नेपालबाट भारततर्फ फर्सीको बीउ निकासी गर्ने तयारी भइरहेको स्रोतको दाबी छ। करिब तीन सय बोरा फर्सीको बीउ गोदाममा राखेर अवसर कुरिरहेको बताइएको छ। स्थानीय व्यापारी कुशवाहाको सयौं बोरा फर्सी सीमापार पठाउने तयारी भइरहेको चर्चा चलिरहँदा तस्करी सञ्जालमा संलग्न अर्का नामुद कारोबारी खेन्ना ले काजु, किसमिस, किराना तथा कपडाको अवैध कारोबारमा दखल जमाउँदै आएको स्थानीयको आरोप छ। स्रोतका अनुसार खेन्नाको नेटवर्क विशेषगरी पिपरपाती, कवही, गोठ, मटिअर्वा, छतवा र मुसहर्वा नाकासम्म फैलिएको छ।

पचरौता क्षेत्रमा फर्मालिन मिसाइएको माछा 'बिलिङ' गरेर

बाँकी तेस्रो पृष्ठमा

## मन्त्रालय बाँडफाँट विवादले मधेस सरकार संकटमा

**जनकपुरधाम, जेठ १० –** विश्वासको मत पाएलगत्तै मधेस प्रदेश सरकार भित्र मन्त्रालय बाँडफाँटको विषयलाई लिएर विवाद चर्किएको छ। सत्ता गठबन्धन दलहरूबीच सहमति जुट्न नसक्दा कृष्णप्रसाद यादव नेतृत्वको सरकार संकटमा पर्ने संकेत देखिएको छ।



जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टी सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री यादवले जेठ ८ गते नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेपाल संघीय समाजवादी पार्टी को समर्थनमा विश्वासको मत प्राप्त गरेका थिए।

विश्वासको मतपछि एमाले सरकारमा सहभागी भए पनि मन्त्रिपरिषद् पुनर्गठनको क्रममा अर्थ मन्त्रालय कसलाई दिने भन्ने विषयमा विवाद उत्पन्न भएको स्रोतले जनाएको छ। नेकपा ( माओवादी केन्द्र) ले अर्थ मन्त्रालयमा दाबी गरेपछि गठबन्धनभित्र असमझदारी बढेको बताइएको छ।

स्रोतका अनुसार मुख्यमन्त्रीले अर्थ मन्त्रालय नेकपा एमाले लाई दिने संकेत गरेपछि नेकपाभित्र असन्तुष्टि चुलिएको हो। यस विषयमा पार्टीभित्र आन्तरिक छलफल भइरहेको र शीर्ष नेतृत्वसँग समेत परामर्श जारी रहेको बताइएको छ।

मुख्यमन्त्री यादवले एमालेका २४, कांग्रेसका २२, नेकपाका १५ र नेपाल संघीय समाजवादी पार्टीका १ गरी कुल ६२ सांसदको समर्थनमा विश्वासको मत पाएका थिए। १०१ सदस्यीय प्रदेशसभामा

बाँकी तेस्रो पृष्ठमा

## अवैध केरा बोकेको पिकअपसहित दुई जना पक्राउ

**संवाहक सम्वादाता**-१० जेष्ठ, कलैया

बाराको सिम्रौनगढ नगरपालिका-९ कचोर्वा नयाँ बजारबाट प्रहरीले भन्सार छली गरी ल्याइएको ठूलो परिमाणको केरा बोकेको पिकअपसहित दुई जनालाई नियन्त्रणमा लिएको छ।







जिल्ला प्रहरी कार्यालय बाराका अनुसार शुक्रबार बिहान करिब ५:३० बजे प्रहरी चौकी कचोर्वाबाट प्रहरी नायब निरीक्षक देवबहादुर विष्टको कमाण्डमा खटिएको गस्ती टोलीले बा.प्र. ०१-०३० च ७११० नम्बरको पिकअपलाई शंका लागेर रोकी जाँच गरेको थियो।

जाँचका क्रममा उक्त पिकअपमा भन्सार छली गरी ल्याइएको १५४ कार्टुन केरा फेला परेको प्रहरीले जनाएको छ। बरामद गरिएको केराको अनुमानित मूल्य रु १ लाख ५४ हजार रहेको छ भने पिकअपको अनुमानित मूल्य रु ७ लाख रहेको बताइएको छ। बरामद सामान तथा सवारीसाधनको कुल मूल्य रु ८ लाख ५४ हजार रहेको प्रहरीले जनाएको छ।

प्रहरीले पिकअपका चालक ओखलढुंगा चम्पादेवी गाउँपालिका-५ निवासी १९ वर्षीय विश्वराज खड्का र सहचालक सर्लाही धनकौल गाउँपालिका-१ रामकल निवासी २२ वर्षीय सुनिल प्रसाद कुशवाहालाई नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिइएको सामान, पिकअप तथा दुवै जनालाई थप कारबाहीका लागि भन्सार कार्यालय पर्सा पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीले सीमावर्ती क्षेत्रमा भन्सार छली तथा अवैध आयात नियन्त्रणका लागि निगरानी थप कडा बनाइएको जनाएको छ।

## शहरी मार्ग घोषणाको माग गर्दै वीरगञ्जमा थाल बजाएर विरोध

**संवाहक सम्वादाता**-१० जेष्ठ, कलैया

वीरगञ्जको मेनरोडलाई शहरी मार्ग घोषणा गर्न माग गर्दै स्थानीयवासीले आइतबार थाल बजाएर विरोध प्रदर्शन गरेका छन्। वीरगञ्ज संघर्ष समिति को आयोजनामा भएको प्रदर्शनमार्फत सरकारको ध्यानाकर्षण गराइएको हो।संघर्ष समितिले त्रिभुवन राजपथ लाई मेनरोडबाट स्थानान्तरण गर्ने मन्त्रिपरिषद्को निर्णय पूर्ण रूपमा कार्यान्वयन भइसकेको दाबी गर्दै अब मेनरोडलाई औपचारिक रूपमा शहरी मार्ग कायम गर्नुपर्ने माग अघि सारेको छ। प्रदर्शनकारीहरूले वीरगञ्जको मुख्य सडक परिक्रमा गर्दै घण्टाघर सम्म पुगेर थाल बजाएका थिए। उनीहरूले नाराबाजी गर्दै सरकारसँग आफ्नो माग तत्काल सम्बोधन गर्न आग्रह गरेका थिए। संघर्ष समितिका अनुसार नेपाल सरकारको आधिकारिक वेबसाइट तथा प्रकाशित 'रोड डायरी'मा समेत आवश्यक संशोधन भइसकेको अवस्थामा मेनरोडलाई शहरी मार्ग घोषणा गर्न ढिलाइ हुनु उचित नभएको बताएका छन्। प्रदर्शनमा व्यापारी, स्थानीय बासिन्दा, महिला तथा बालबालिकाको समेत सहभागिता रहेको थियो।





सहभागीहरूले मेनरोडलाई शहरी मार्गको मान्यता दिइए यातायात व्यवस्थापन सहज हुनुका साथै व्यापार प्रवर्द्धन र शहरको सौन्दर्यीकरणमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन्। कुन्दन रौनियार ले सरकारले माग बेवास्ता गरे थप कडा आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने चेतावनी दिएका छन्।

## ५0 हजार रुपैयाँ र मदिरा प्रकरणमा चिनियाँ दूतावासको आपत्ति, निष्पक्ष छानबिनको माग

**काठमाडौं, जेठ १० –** नेपाली सञ्चारवृत्तमा चर्चाको विषय बनेको '५० हजार रुपैयाँ र मदिरा' प्रकरणले नयाँ मोड लिएको छ। नेपालस्थित चिनियाँ दूतावास ले उक्त घटनासँग आफ्नो कुनै सम्बन्ध नरहेको स्पष्ट पार्दै निष्पक्ष र गहिरो अनुसन्धानको माग गरेको छ। हालै जनआस्था मिडिया को कार्यालयमा एक मास्कधारी युवतीले ५० हजार रुपैयाँ नगद र मदिराको बोतल छाडेर गएको



घटनापछि सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा चिनियाँ नागरिक संलग्न रहेको आशयका आरोपहरू सार्वजनिक भएका थिए।

बाँकी तेस्रो पृष्ठमा

## सेज व्वस्थापनको लागि मन्त्री यादवद्वारा स्थलगत निरीक्षण

**संवाहक सम्वादाता**-१० जेष्ठ, कलैया

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव ले बाराको जितपुरसिमरा उपमहानगरपालिका अन्तर्गत रहेको सिमरा विशेष आर्थिक क्षेत्र (सेज) को अतिक्रमित जग्गाको व्यवस्थापनबारे स्थलगत निरीक्षण गरेकी छन्।







आइतबार बिहान उद्योग सचिव कृष्णबहादुर राउत सहित सेजअन्तर्गत वडा नम्बर ४, १४ र १५ मा पुगेर मन्त्री यादवले स्थलगत अवस्था अवलोकन गरेकी हुन्। निरीक्षणका क्रममा स्थानीय जनप्रतिनिधि, सुरक्षा निकाय तथा सरोकारवालासँग सेज क्षेत्रको वर्तमान अवस्था, अतिक्रमण हटाउने प्रक्रिया र स्थानीयको पुनर्स्थापनाका विषयमा छलफल भएको थियो।

छलफलमा उद्योग सचिव राउतले सेज क्षेत्रको अतिक्रमण व्यवस्थापनबारे थप गृहकार्य गरेर मन्त्रालयस्तरबाट आवश्यक निर्णय लिइने बताए। उनका अनुसार स्थलगत अनुगमनबाट प्राप्त सुझाव र तथ्यका आधारमा आगामी प्रक्रिया अघि बढाइनेछ।

सेज क्षेत्रभित्र बसोबास गर्दै आएका ९३ परिवारले पुनर्स्थापनाको स्पष्ट

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## नारायणी अस्पतालमा दलाली र कमिसनको जालो

वीरगञ्जस्थित नारायणी अस्पताल भित्र दलाली र कमिसनको संगठित जालो चलिरहेको आरोप फेरि सार्वजनिक भएको छ। उपचारका लागि अस्पताल पुगेका बिरामीलाई आवश्यक सेवा उपलब्ध गराउनुको सट्टा बाहिरी मेडिकलतर्फ मोडेर आर्थिक लाभ उठाउने गिरोह सक्रिय रहेको भन्दै सेवाग्राहीहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। सेवाग्राहीका अनुसार अस्पताल परिसरमा एम्बुलेन्स चालक, बिचौलिया तथा केही बाहिरी औषधि पसलबीच मिलेमतो रहेको आशंका गरिएको छ। बिरामीलाई निश्चित मेडिकल पसलमा पठाउने, अस्पतालमै उपलब्ध हुन सक्ने औषधि बाहिरबाट खरिद गर्न बाध्य पार्ने तथा अनावश्यक रूपमा महँगा औषधि किन्न दबाब दिने काम भइरहेको आरोप छ। यसबाट केही व्यक्तिले कमिसन लिने गरेको दाबी गरिएको छ। विशेषगरी इमर्जेन्सी वार्ड आसपास यस्तो गतिविधि बढी हुने गरेको स्थानीयको भनाइ छ। आपत्कालीन अवस्थामा अस्पताल पुगेका बिरामी र उनका आफन्तलाई अन्योलमा पारेर बाहिरी सेवा तथा मेडिकल पसलतर्फ लैजाने प्रवृत्तिले थप समस्या सिर्जना गरेको बताइन्छ। अस्पताल प्रशासनको निगरानी कमजोर हुनु, सुरक्षा संयन्त्र प्रभावकारी नदेखिनु तथा परिसरभित्र रहेको प्रहरी बिटले समेत अपेक्षित भूमिका निर्वाह गर्न नसक्दा यस्तो गतिविधि मौलाउँदै गएको सेवाग्राहीको गुनासो छ। पटक-पटक जानकारी गराउँदा पनि सम्बन्धित निकायबाट ठोस कारबाही नभएको पीडित पक्षको आरोप छ। सरकारी अस्पताल जनताको भरोसाको केन्द्र हुनुपर्नेमा यदि त्यही स्थानमा दलाली र कमिसनको खेल मौलाउँछ भने यसले स्वास्थ्य सेवामाथिको विश्वास कमजोर बनाउँछ। यस्तो संवेदनशील विषयमा अस्पताल प्रशासन, स्वास्थ्य मन्त्रालय तथा सम्बन्धित निकायले तत्काल निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नु आवश्यक छ। स्वास्थ्य सेवा व्यापार होइन, नागरिकको आधारभूत अधिकार हो। बिरामीको पीडामाथि कमिसनको खेल खेल्ने जोसुकैलाई कानुनी दायरामा ल्याउनु आजको आवश्यकता हो।

# सामाजिक न्याय जनचाहना




जनतामा उत्साह जगाउने कार्यक्रम, रोजगारी सिर्जना, कृषि र उद्योगको विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार, युवालाई देशमै अवसर प्रदान गर्ने नीति तथा भ्रष्टाचार नियन्त्रण जस्ता विषयले नै सरकारको सफलता मापन गर्छन् । विशेष गरी युवापुस्ताले पारदर्शी शासन, डिजिटल सेवा, छिटो न्याय र समान अवसरको अपेक्षा गरेका छन् । सरकारले यी क्षेत्रमा विश्वासिलो काम गर्न सक्यो भने जनतामा आशा र आत्मविश्वास पुनः जागृत हुने छ ।


नारायण ज्ञवाली

नेपालको राजनीतिक इतिहासमा लामो समयपछि जनमतको बलमा अपेक्षाकृत बलियो सरकार गठन भएको छ । झन्डै दुई तिहाइ जनप्रतिनिधिको समर्थनसहित राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका शक्तिको सहभागितामा बनेको सरकारलाई धेरै नागरिकले नयाँ आशा र सम्भावनाका रूपमा हेरेका छन् । विगतका अस्थिर सरकार, बारम्बारको सत्ता परिवर्तन, राजनीतिक द्वन्द्व र विकासमा आएको अवरोधका कारण आज नेपाली जनता स्थायित्व, सुशासन र परिणाममुखी कार्यशैलीको अपेक्षामा छन् । यही कारणले अहिलेको सरकारप्रति जनताको चासो, आशा र मूल्याङ्कन पनि निकै गहिरो रूपमा बढिरहेको छ । सरकार गठन हुनु भनेको कुनै एउटा दलको मात्र विजय होइन, त्यो सम्पूर्ण जनताको साझा अभिभावकत्व ग्रहण गर्नु हो ।

सरकार बनेपछि त्यसले समर्थन गर्ने वा विरोध गर्ने सबै नागरिकलाई समान रूपमा हेर्न सक्नु पर्छ । लोकतन्त्रको वास्तविक सौन्दर्य नै यही हो कि सरकार कुनै पार्टीविशेषको नभई सम्पूर्ण राष्ट्रको प्रतिनिधि संस्था बन्नु पर्छ । अहिलेको सरकारले पनि संविधानको मर्म र भावना अनुसार निष्पक्ष, उत्तरदायी र जनमुखी व्यवहार देखाउन जरुरी छ ।

नेपालको संविधानले लोकतान्त्रिक शासनप्रणाली, सामाजिक न्याय, समावेशिता र विधिको शासनलाई आधार मानेको छ । त्यसैले सरकारले संविधानसँग नबाझिने गरी कानुन निर्माण गर्दै व्यावहारिक कार्यान्वयनमा विशेष ध्यान दिनु पर्छ । केवल कानुन बनाउनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन र जनताले अनुभूति गर्ने परिणाम अझ महषवपूर्ण हुन्छ । विगतमा धेरै राम्रो नीति र कार्यक्रम बने पनि कार्यान्वयन कमजोर हुँदा जनतामा निराशा बढेको यथार्थ हाम्रोसामु छ । जो दोहोऱ्याउनु हुँदैन । राजनीतिक इतिहासलाई फर्केर हेर्दा नेपालले धेरै उतारचढाव भोगेको छ । सशस्त्र द्वन्द्व, राजपरिवार हत्या, आतङ्क, भागबन्डा, भ्रष्टाचार, अस्थिरता र राजनीतिक प्रतिशोधका घटनाले देशलाई लामो समयसम्म प्रभावित बनायो । ती घटनाले समाजमा विभाजन, अविश्वास र विकासमा अवरोध सिर्जना गरे । अब ती गल्ती दोहोऱ्याउने समय होइन । विगतका कमजोरीबाट पाठ सिकेर राजनीतिक शुद्धता, नैतिकता र सहिष्णुतासहित अगाडि बढ्नु आजको आवश्यकता हो ।

राजनीतिक नेतृत्वमा केवल भाषण र नाराले मात्र परिवर्तन सम्भव हुँदैन । मनभित्रको शुद्धता, व्यवहारमा पारदर्शिता र जनताप्रतिको इमानदार भावना आवश्यक हुन्छ । जबसम्म राजनीति सेवाभन्दा स्वार्थकेन्द्रित हुन्छ, तबसम्म जनताले अपेक्षित परिणाम पाउन सक्दैनन् । त्यसैले अहिलेको सरकारले राजनीतिक संस्कार सुधार्दै सहकार्य, समन्वय र मेलमिलापको वातावरण निर्माण गर्नु पर्छ । प्रतिपक्षलाई शत्रु होइन, लोकतन्त्रको महषवपूर्ण अङ्गका रूपमा स्वीकार गर्ने परिपक्वता पनि आवश्यक छ ।

सरकारको प्रारम्भिक चरणमा देशको अर्थतन्त्रमा केही असन्तुलन देखिन थालेका छन् । सेयर बजार घट्नु, बैङ्क ब्याजदरमा उतारचढाव आउनु, लगानीको वातावरण कमजोर देखिनु, महँगी बढ्दै जानु तथा पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या देखिनुलगायतका विषयले जनतालाई चिन्तित बनाएका छन् । यस्ता सङ्केतले अर्थतन्त्रमा आत्मविश्वास कमजोर हुँदै गएको अनुभूति गराउँछन् । लगानीकर्ता, उद्योगी, व्यवसायी र सर्वसाधारण सबैले स्थिर नीति र विश्वासिलो वातावरण खोजिरहेका छन् । राजनीतिक संवाद र समन्वयको कमी पनि अहिलेको कमजोर पक्षका रूपमा देखिएको छ । सरकार सञ्चालनमा सहकार्यभन्दा टकराब बढी देखिनु दीर्घकालीन रूपमा राम्रो सङ्केत होइन । लोकतन्त्रमा संवाद नै सबैभन्दा ठुलो शक्ति हो । सरकार, प्रतिपक्ष, निजी क्षेत्र, नागरिक समाज र आमजनताबिच विश्वास र समन्वय कायम हुन सके मात्र विकासको गति तीव्र बन्न सक्छ ।

सरकारले अघि सारेका कतिपय कार्यक्रम कार्यान्वयनका क्रममा अपरिपक्व देखिनु अर्को चुनौती हो । कुनै पनि नीति लागु गर्नुअघि त्यसको व्यावहारिक पक्ष, प्रभाव र जनस्तरमा पर्ने असरबारे पर्याप्त अध्ययन आवश्यक हुन्छ । हतारमा गरिएका निर्णयले कहिलेकाहीँ सकारात्मक उद्देश्य हुँदाहुँदै पनि नकारात्मक परिणाम दिन सक्छन् । त्यसैले योजना बनाउँदा विज्ञ, सरोकारवाला र जनतासँग पर्याप्त छलफल गरेर मात्र अघि बढ्नु उपयुक्त हुन्छ ।

आज नेपाली जनता केवल नयाँ अनुहार वा नयाँ नाराबाट मात्र प्रभावित हुने अवस्थामा छैनन् । जनताले अब परिणाम खोजिरहेका छन् । कुन पार्टीको सरकार बन्यो भन्नेभन्दा पनि त्यो सरकार जनताप्रति कति उत्तरदायी छ भन्ने विषयले महषव राख्छ । सुशासनको मार्गचित्र कागजमा मात्र सीमित छ कि व्यवहारमा पनि देखिन्छ भन्ने प्रश्न अहिले प्रत्येक नागरिकले गरिरहेको छ । जनतामा उत्साह जगाउने कार्यक्रम, रोजगारी सिर्जना, कृषि र उद्योगको विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार, युवालाई देशमै अवसर प्रदान गर्ने नीति तथा भ्रष्टाचार नियन्त्रण जस्ता विषयले नै सरकारको सफलता मापन गर्छन् । विशेष गरी युवापुस्ताले पारदर्शी शासन, डिजिटल सेवा, छिटो न्याय र समान अवसरको अपेक्षा गरेका छन् । सरकारले यी क्षेत्रमा विश्वासिलो काम गर्न सक्यो भने जनतामा आशा र आत्मविश्वास पुनः जागृत हुने छ ।

सामाजिक न्याय लोकतन्त्रको महषवपूर्ण आधार हो । राज्यले कुनै वर्ग, समुदाय वा क्षेत्रलाई विभेद नगरी समान अवसर प्रदान गर्नु पर्छ । विकासको लाभ दुर्गम गाउँदेखि सहरसम्म, गरिबदेखि सम्पन्नसम्म सबैले अनुभूति गर्न पाउनु पर्छ । सामाजिक न्यायको सिद्धान्तलाई व्यवहारमा लागु गर्न सके मात्र राज्यप्रति जनताको विश्वास बलियो बन्न सक्छ । नागरिक समाज र जनताले पनि आफ्नो भूमिकालाई जिम्मेवार रूपमा निर्वाह गर्नु पर्छ । लोकतन्त्रमा सरकारलाई निरन्तर खबरदारी गर्ने अधिकार र दायित्व दुवै जनतासँग हुन्छ । राम्रो कामको समर्थन र कमजोरीको रचनात्मक आलोचना गर्दै जनताले सरकारलाई सही दिशामा अघि बढाउन सहयोग गर्नु पर्छ । स्वस्थ आलोचना र सकारात्मक सुझावले नै शासनप्रणालीलाई अझ परिपक्व बनाउँछ । अन्ततः अहिलेको सरकारसँग नेपाली जनताको मुख्य अपेक्षा भनेको स्थायित्व, सुशासन, पारदर्शिता र विकास हो । जनताले अब राजनीतिक अस्थिरता, अनावश्यक विवाद र सत्ताकेन्द्रित खेल होइन; शान्ति, समृद्धि र भरोसाको वातावरण चाहेका छन् । सरकार निष्पक्ष भएर सामाजिक न्याय, विधिको शासन र उत्तरदायित्वका आधारमा अघि बढ्न सकेमा देशले नयाँ दिशा लिन सक्छ ।

नेपाल धेरै सम्भावना भएको देश हो । प्राकृतिक स्रोत, युवाशक्ति, सांस्कृतिक विविधता र जनताको सङ्घर्षशील क्षमताले यो राष्ट्रलाई अगाडि बढाउने आधार प्रशस्त छन् । आवश्यक केवल इमानदार नेतृत्व, दूरदर्शी नीति र प्रभावकारी कार्यान्वयन हो । सरकार जनताको विश्वासलाई सम्मान गर्दै निष्पक्ष र उत्तरदायी रूपमा अघि बढ्छ भने नेपाली जनताको लामो समयदेखिको समृद्ध नेपालको सपना अवश्य साकार हुन सक्छ । त्यसै गरी सरकार सञ्चालनमा आक्रोश, आवेग र प्रतिशोधको भावना होइन, संयम, धैर्य, शालीनता र दूरदृष्टि आवश्यक हुन्छ । लोकतान्त्रिक शासनप्रणालीमा भावनात्मक प्रतिक्रियाभन्दा विवेकपूर्ण निर्णयले दीर्घकालीन परिणाम दिन्छ । राजनीतिक शक्ति प्राप्त गर्नु मात्र उपलब्धि होइन, त्यसलाई जिम्मेवार ढङ्गले प्रयोग गर्नु अझ ठुलो परीक्षा हो । सरकार, संसद् र राज्यका निकायले व्यक्तिगत वा दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रहितलाई केन्द्रमा राख्नु पर्छ ।

सरकार संसद् र जनताप्रति पूर्ण रूपमा उत्तरदायी हुनु पर्छ । संसद् जनताको सर्वोच्च प्रतिनिधि संस्था भएकाले सरकारका हरेक निर्णय पारदर्शी र जवाफदेही हुन आवश्यक छ । लोकतन्त्रमा शक्ति पृथकीकरणको सिद्धान्त महषवपूर्ण मानिन्छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका आआफ्नो क्षेत्राधिकारभित्र स्वतन्त्र र जिम्मेवार रूपमा सञ्चालन हुन सके मात्र लोकतन्त्र बलियो बन्छ । राज्यका अङ्गहरूबिच सन्तुलन, सम्मान र समन्वय कायम रह्यो भने शासनप्रणाली थप प्रभावकारी बन्न सक्छ । आज नेपाली जनताको अधुरो सपना भनेकै सुशासन, समृद्धि, स्थायित्व र न्यायपूर्ण समाज निर्माण हो । जनताले धेरै सङ्घर्ष, परिवर्तन र राजनीतिक प्रयोग देखिसकेका छन् । अब उनीहरू भाषण होइन, व्यवहारमा परिवर्तन चाहन्छन् । सरकार धैर्य, परिपक्वता, पारदर्शिता र दूरदर्शितासाथ अघि बढ्न सक्यो भने जनताको लामो समयदेखिको अधुरो सपना छिट्टै पूरा हुन सक्छ । लोकतन्त्रको वास्तविक सफलता पनि त्यही दिन प्रमाणित हुने छ, जुन दिन आमनागरिकले राज्यलाई आफ्नै अभिभावकका रूपमा अनुभूति गर्ने छन् ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## सम्भावित सम्झौताबारे इरान र अमेरिकाको फरक फरक व्याख्या

*तेहरान, जेठ १० गते ।*
संयुक्त राज्य अमेरिका र इरान मध्यपूर्वमा फैलिएको र विश्व तेल बजारमा अवरोध पुर्याउने युद्धको अन्त्य गर्ने सम्झौताको नजिक देखिएका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले विश्वले केही राम्रो समाचार प्राप्त गर्न सक्ने बताएलगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'स्ट्रेट अफ हर्मुज' पुनः खोल्ने सम्झौता भएको घोषणा गर्नुभएको छ ।

ट्रम्पको घोषणा अघि इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले वाशिङ्गटनसँग 'मेलमिलापको श्रङ्खला' को सम्भावना रहेको तर यसको मतलब इरान र संयुक्त राज्य अमेरिकासँग महत्त्वपूर्ण मुद्दामा एक सम्झौतामा पुग्ने निश्चित भएको भन्ने अझै होइन । उहाँले सरकारी टेलिभिजनमा ३० देखि ६० दिनभित्र



अन्तिम सम्झौता हुनुअघि इरानको 'सबैभन्दा पहिले समझदारी पत्र, एक प्रकारको मस्यौदा तयार पार्ने मनसाय रहेको बताउनुभयो ।

अमेरिकी राष्ट्रपति ट्रम्पसँग साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, इजिप्ट, जोर्डन र बहराइनका नेताहरूका साथै टर्की र पाकिस्तानका प्रतिनिधिहरूले शनिबार कुराकानी गरेका थिए । गत अप्रिलमा अमेरिका र इरानी प्रतिनिधिमण्डलबिच ऐतिहासिक साक्षात्कारमा मध्यस्थता गरेको पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले 'चाँडै नै अर्को चरणको वार्ता' आयोजना गर्ने आशा गरेको बताउनुभएको छ ।

## भारतमा तापलहर (लु) बाट १६ जनाको मृत्यु

*नयाँदिल्ली, जेठ १० गते ।*
दक्षिणी भारतमा यस गर्मी मौसममा तापलहर (लु) का कारण कम्तीमा १६ जनाको मृत्यु भएको अधिकारीहरूले आइतबार जनाएका छन् । देशका विभिन्न भागमा फैलिएको तीव्र लुपछि स्वास्थ्य सतर्कता जारी गरिएको छ ।भारतमा गर्मी असामान्य कुरा नभए पनि वैज्ञानिक अध्ययनले जलवायु परिवर्तनका कारण लुहरू पहिलेभन्दा लामो, बढी आवृत्तियुक्त र बढी तीव्र हुँदै गएको देखाएको छ। एक अर्ब ४० करोड जनसङ्ख्या भएको यस दक्षिण एसियाली राष्ट्रका विभिन्न सहरमा हालै तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि पुगेसँगै जनजीवन प्रभावित बनाएको छ । दक्षिणी राज्य तेलङ्गानामा सबैभन्दा बढी मृत्यु दर्ता भएको छ । त्यहाँका राजस्वमन्त्री पोङ्गुलेटी श्रीनिवास रेड्डीले जनस्वास्थ्य सुरक्षाका लागि राज्यव्यापी सतर्कता अपनाउन आह्वान गर्नुभयो । उहाँको कार्यालयले जारी गरेको विज्ञप्तिमा गर्मीको तीव्रता अभूतपूर्व स्तरमा पुगेको उल्लेख गर्दै समयमै चेतावनी प्रणाली र सावधानी उपाय अपनाउन निर्देशन दिइएको छ ।

स्वास्थ्य विशेषज्ञका अनुसार अत्यधिक गर्मीले शरीरमा



पानीको कमी (डिहाइड्रेसन)गराउन सक्छ, जसले रगत बाक्लो बनाउने र गम्भीर अवस्थामा अङ्गहरू काम गर्न छोड्ने जोखिम बढाउने गर्छ। तेलङ्गानाको स्थानीय प्रशासनले वृद्ध, बालबालिका र गर्भवतीलाई अत्यावश्यक नभएसम्म दिनको समयमा बाहिर ननिस्कन आग्रह गरेको छ । यसैबिच, भारतीय मौसम विभागले देशका धेरै भागमा सामान्यभन्दा बढी तापक्रम र तीव्र लु जारी रहने चेतावनी दिएको छ । राजधानी नयाँदिल्ली र आसपासका क्षेत्रमा यस हप्ता लगातार तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ, जसले विद्युत मागलाई रेकर्ड स्तरमा पुर्याएको छ। विशेषज्ञहरूका अनुसार दिउँसो मात्र नभई रातको तापक्रम पनि उच्च रहँदा मानिसले पर्याप्त आराम नपाइरहँदा स्वास्थ्य जोखिम अझ बढाएको छ ।

विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको भारत हरितगृह ग्यास उत्सर्जन गर्ने देशमध्ये तेस्रो स्थानमा पर्छ र विद्युत् उत्पादनका लागि कोइला उपयोगमा उच्च निर्भरता राख्छ । भारतले सन् २०७० सम्ममा शुद्ध-शून्य उत्सर्जन हाँसिल गर्ने प्रतिबद्धता जनाएको छ। यो प्रतिबद्धता धेरै औद्योगिक पश्चिमी देशको लक्ष्यभन्दा करिब दुई दशक पछिको हो । यसअघि सन् २०१६ मा राजस्थानको फलोदीमा ५१ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको थियो । यसलाई भारतमा हालसम्मको सबैभन्दा उच्च आधिकारिक तापक्रम मानिन्छ ।

## मन्त्रालय ...

बहुमतका लागि ५१ सांसद आवश्यक पर्ने भएकाले यदि नेकपा सरकारबाट अलगिए कांग्रेस र एमालेको समर्थन मात्रै ४६ मा सीमित हुनेछ। यस्तो अवस्थामा सरकार अल्पमतमा पर्ने सम्भावना रहेको राजनीतिक विश्लेषकहरूको भनाइ छ।
गठबन्धनभित्रको मन्त्रालय विवाद चाँडै समाधान नभए मधेस प्रदेशको राजनीतिक समीकरण फेरि फेरबदल हुन सक्ने देखिएको छ।

## सेज...

योजना बिना आफूहरूलाई हटाउन नहुने माग राखेका छन्। उनीहरूले मन्त्री यादवलाई ज्ञापनपत्र बुझाउँदै वैकल्पिक बसोबासको व्यवस्था सुनिश्चित गर्न सरकारसँग आग्रह गरेका छन्।
स्थानीयवासीले आफूहरू वर्षौंदेखि उक्त क्षेत्रमा बसोबास गर्दै आएको उल्लेख गर्दै उचित व्यवस्थापन भए जग्गा खाली गर्न तयार रहेको बताएका छन्।
विशेष आर्थिक क्षेत्र प्राधिकरण का अनुसार आर्थिक वर्ष २०७७/०७८ को तथ्यांकमा सेज क्षेत्रभित्र ६०६ घरधुरीको अव्यवस्थित बसोबास रहेको देखिएको थियो। प्राधिकरणका निमित्त कार्यकारी निर्देशक मेघराज शंकर ले हाल अतिक्रमण अझ बढेको हुन सक्ने बताएका छन्।
राजन पौडेल ले स्थानीय बासिन्दाको सामाजिक अवस्था र उद्योग विकास दुवैलाई सन्तुलनमा राखेर समाधान खोज्नुपर्ने आवश्यकता औंल्याए।
यसअघि मन्त्री यादवले बाराको अमलेखगञ्ज स्थित नेपाल आयल निगम को मधेश प्रदेश डिपो र रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन को पनि निरीक्षण गरेकी थिइन्।

## आगामी ...

२११ रुपैयाँ रहेको छ। समितिको सिफारिसअनुसार २७ प्रतिशतदेखि ५६ दशमलव ७१ प्रतिशतसम्म तलब वृद्धि प्रस्ताव गरिएको छ।
यद्यपि सरकारभित्र मुलुकको वर्तमान आर्थिक अवस्थालाई ध्यानमा राख्दै अन्तिम निर्णयबारे छलफल जारी रहेको जनाइएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले सीमित स्रोतसाधन, बढ्दो अनिवार्य दायित्व तथा कमजोर राजस्व संकलनका कारण बजेट व्यवस्थापन चुनौतीपूर्ण रहेको बताएका छन्।
संसदीय समितिमा बोल्दै उनले कर्मचारी तलब, पेन्सन, सामाजिक सुरक्षा तथा ऋणको साँवा-ब्याज जस्ता खर्च धान्न राज्यलाई कठिनाइ भइरहेको उल्लेख गरेका थिए।
यसबीच कर्मचारी संघ-संगठनहरूले लामो समयदेखि तलब वृद्धि गर्न माग गर्दै आएका छन्। अब आगामी बजेटले उनीहरूको माग कति सम्बोधन गर्छ भन्ने चासो बढेको छ।

## बाराका ...

रातारात विभिन्न बजारसम्म पुऱ्याइने गरेको स्थानीयको आरोप छ। प्रहरीसँगको सेटिङमा यस्ता अखाद्य सामग्री निर्बाध रूपमा ओसारपसार हुने गरेको बताइएको छ।
त्यसैगरी रामनगर क्षेत्र लागूऔषध तस्करीको ट्रान्जिट बिन्दु बनेको स्थानीयको भनाइ छ। गाँजा, अफिम र चरेसजस्ता लागूऔषध गोदाममा राखी भारततर्फ पठाउने गिरोह सक्रिय रहेको दाबी गरिएको छ।
स्थानीयवासीले ठूला तस्करलाई संरक्षण दिइएको तर साना कारोबारीमाथि मात्र कारबाही देखाइने गरेको आरोप लगाएका छन्। उनीहरूले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले निष्पक्ष छानबिन गरी सीमावर्ती क्षेत्रमा मौलाएको तस्करी नियन्त्रण गर्न तत्काल प्रभावकारी कदम चाल्न माग गरेका छन्। यसरी बारामा संगठित रुपमा भईरहेको तस्करी जिल्लाका एसपी र डिआईजिलाई जानकारी भएपनि सेटिङमा अबैध कारोबार तस्करी धन्धा निर्वाद्ध चलिरहेको प्रति स्थानियले गमऊँभिर प्रश्न उठाउन थालेका छन्।यद्धपी तस्करीलाई जिम्मेवार प्रहरीले ईन्कार गर्दै छ।

## एसियन...


डुबानमा पर्ने जोखिम बढेको छ।
त्यस्तै देव संग्रौला ले राजमार्ग नजिकै क्रसर उद्योग सञ्चालन हुँदा दुर्घटनाको जोखिम बढेको बताए। पुलको अत्यन्तै नजिकसम्म उत्खनन भइरहेको भन्दै उनले यसले सडक संरचनामै असर पार्न सक्ने चेतावनी दिए।
स्थानीयले यसमा केही जनप्रतिनिधि र प्रशासनिक संयन्त्रको संरक्षण रहेको आशंका व्यक्त गरेका छन्। उनीहरूका अनुसार अनुगमन टोलीलाई प्रभावित पार्ने गरी 'सेटिङ' हुने गरेको चर्चा स्थानीयस्तरमा व्यापक छ।
यता राम थापा ले भने यस्तो आरोप अस्वीकार गरेका छन्। उनले हालै गरिएको संयुक्त अनुगमनमा उल्लेखनीय अनियमितता नदेखिएको दाबी गर्दै सबै काम प्रक्रियाअनुसार भइरहेको बताए।
झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल ले केही स्थानमा बदमासी भएको हुन सक्ने सम्भावनालाई ननकारे पनि त्यसको प्राविधिक परीक्षणपछि मात्रै निष्कर्षमा पुग्न सकिने बताए। उनले स्थानीय तहलाई कडाइका साथ अनुगमन गर्न निर्देशन दिइएको जानकारी दिए।
कानुनी रूपमा खोलाको बहाव क्षेत्र तथा राजमार्ग-पुल आसपास निश्चित दूरीभित्र उत्खनन गर्न नपाइने व्यवस्था भए पनि स्थानीयले झापाका केही क्षेत्रमा सो मापदण्ड उल्लंघन भइरहेको दाबी गरेका छन्।
स्थानीयवासीले विकास निर्माण आवश्यक भए पनि कानुनी मापदण्ड पालना गर्दै जनजीवन र वातावरण सुरक्षित राखेर मात्रै काम अघि बढाउनुपर्ने माग गरेका छन्।

## सरकार ...


विद्यालयको शुल्क नियन्त्रण, शिक्षक दरबन्दी मिलान, सुकुम्बासी बस्तीका विद्यार्थीको शिक्षामा पहुँच, स्थानीय पाठ्यक्रम, सार्वजनिक यातायात तथा विदेशी विश्वविद्यालयसँग आबद्ध कलेजको नियमन सम्बन्धी गुनासाहरू सम्बोधन गर्ने प्रतिबद्धता जनाए।
कार्यक्रममा डा. ओजस्वी शेरचन ले विद्यालय सुधारका लागि नीतिगत समस्या समाधान आवश्यक रहेको बताए। उनले विज्ञहरूसँग व्यापक छलफल गरी शिक्षा क्षेत्र सुधारका लागि प्रभावकारी विधेयक ल्याउनुपर्नेमा जोड दिए।
शेरचनले शिक्षा क्षेत्रमा देखिएका विकृति हटाई नयाँ ढंगले सुधारको प्रक्रिया अघि बढाउन संसदीय समितिमा आवश्यक छलफल गर्ने प्रतिबद्धता व्यक्त गरे।
सार्वजनिक सुनुवाइमा स्थानीयवासी, शिक्षक, अभिभावक तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूले शिक्षा, खेलकुद र स्थानीय विकाससँग सम्बन्धित सवाल तथा सुझाव राखेका थिए।

## ५० हजार...


त्यसप्रति दूतावासले कडा आपत्ति जनाएको हो। दूतावासले सार्वजनिक धारणा र हल्लाका आधारमा चीनको नाम जोडेर प्रचार गरिएको विषयलाई 'नियोजित भ्रम सिर्जना गर्ने प्रयास' भन्दै अस्वीकार गरेको छ। दूतावासका अनुसार चीनले सधैं नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र आन्तरिक मामिलामा गैरहस्तक्षेपको नीति अवलम्बन गर्दै आएको छ। दूतावासले नेपालका सम्बन्धित निकायलाई घटनाको निष्पक्ष अनुसन्धान गरी वास्तविक दोषी पहिचान गर्न आग्रह गरेको छ। साथै, नेपाल-चीन सम्बन्धमा भ्रम फैलाउने तत्वमाथि कानुनी कारबाही गर्नुपर्ने धारणा पनि व्यक्त गरेको छ। उता, किशोर श्रेष्ठ ले कार्यालयमा आएको उक्त रकम र मदिराबारे आफूहरू अनभिज्ञ रहेको बताउँदै घटनाबारे प्रहरीमा जानकारी गराइसकेको बताएका छन्। उनका अनुसार घटनाको वास्तविकता पत्ता लगाउन अनुसन्धान प्रक्रिया अघि बढिसकेको छ। यो घटनाले नेपाल-चीन सम्बन्ध, सञ्चार क्षेत्रको विश्वसनीयता र संवेदनशील सूचनाको राजनीतिक व्याख्याबारे बहस सिर्जना गरेको छ। तथ्यभन्दा अनुमानलाई प्राथमिकता दिँदा कूटनीतिक सम्बन्धमा असर पर्न सक्ने भन्दै सरोकारवालाले सत्यतथ्यमा आधारित निष्कर्ष आवश्यक रहेको बताएका छन्।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# आगामी बजेटमा सरकारी कर्मचारीको तलब बढ्ने संकेत

*काठमाडौं, जेठ १० –*
सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सरकारी कर्मचारी तथा शिक्षकको तलब वृद्धि गर्ने तयारी गरेको छ। लामो समयदेखि तलब पुनरावलोकन हुन नसकेको अवस्थामा सरकारले यसपटक कर्मचारीको पारिश्रमिक बढाउने विषयमा गृहकार्य अघि बढाएको हो।




अर्थ मन्त्रालय स्रोतका अनुसार निजामती कर्मचारी र शिक्षकको तलब पछिल्लो तीन वर्षदेखि नबढेकाले यसपटक पुनरावलोकन गर्ने तयारी भइरहेको छ। यसअघि आर्थिक वर्ष २०७९/८० मा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले कर्मचारी तथा शिक्षकको तलब १५ प्रतिशतले वृद्धि गरेका थिए।
प्रचलित कानुनी व्यवस्थाअनुसार प्रत्येक दुई वर्षमा तलब पुनरावलोकन गर्नुपर्ने भए पनि आर्थिक दबाबका कारण पछिल्ला वर्षमा यस्तो हुन सकेको थिएन। आगामी बजेटमा तलब बढ्ने सम्भावना रहे पनि वृद्धि दर कति हुने भन्ने विषयमा अन्तिम निर्णय भइसकेको छैन।
सुमनराज अर्याल को संयोजकत्वमा रहेको तलब तथा भत्ता पुनरावलोकन समितिले सरकारलाई तलब वृद्धि गर्न सिफारिस गरिसकेको छ। समितिले कार्यालय सहयोगीको मासिक तलब ३५ हजार रुपैयाँ र मुख्यसचिवको तलब १ लाख २१ हजार रुपैयाँ पुऱ्याउन सुझाव दिएको बताइएको छ।
हाल कार्यालय सहयोगीको सुरुवाती तलब २७ हजार ६१२ रुपैयाँ र मुख्यसचिवको ७७ हजार

बाँकी तेस्रो पृष्ठमा

# जातीय उत्पीडनविरुद्ध माइतीघरमा प्रदर्शन

*काठमाडौं, जेठ १० –*
जात व्यवस्थाले निम्त्याएको तहगत उत्पीडन, शृंखलाबद्ध हत्या तथा ऐतिहासिक विभेदविरुद्ध राजधानीको माइतीघर मण्डलामा विद्रोहात्मक प्रदर्शन गरिएको छ।
जात व्यवस्था उन्मूलन मोर्चा नेपालको प्रथम राष्ट्रिय सम्मेलन आयोजक समितिको संयोजनमा आयोजित प्रदर्शनमा देशभरबाट उत्पीडित समुदायका नागरिक, मानवअधिकारकर्मी तथा बौद्धिक वर्गको सहभागिता रहेको थियो।
प्रदर्शनकर्ताले छ वर्षअघि रुकुम सोतीमा अन्तरजातीय प्रेम सम्बन्धका कारण हत्या गरिएका नवराज विक लगायत ६ युवाको सम्झनामा उक्त दिनलाई प्रतिरोध दिवसका रूपमा मनाएका हुन्। सहभागीहरूले उक्त घटनालाई जातीय विभेदको चरम रूपको उदाहरण भन्दै दोषीलाई न्यायको कठघरामा ल्याउन माग गरेका छन्।




माइतीघरमा भेला भएका प्रदर्शनकारीहरूले "अन्तरजातीय प्रेमकै कारण ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ", "जातीय विभेदमुक्त समाज निर्माण गर" जस्ता नारासहित प्लेकार्ड प्रदर्शन गरेका थिए। उनीहरूले जातीय विभेद कायम रहँदासम्म लोकतन्त्र अपूर्ण रहने बताएका छन्।
प्रदर्शनमार्फत उनीहरूले भूमिहीन दलितलाई खेतीयोग्य जमिन उपलब्ध गराउन, दलित विद्यार्थीका लागि छात्रवृत्तिसहित निःशुल्क शिक्षा सुनिश्चित गर्न तथा दलित हत्याका घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय स्वतन्त्र आयोग गठन गर्न सरकारसमक्ष माग राखेका छन्।
प्रदर्शनकारीहरूले जातीय उत्पीडन अन्त्यका लागि राज्यले ठोस नीतिगत हस्तक्षेप गर्नुपर्नेमा जोड दिएका छन्।

# सरकार वाचापत्रअनुसार अघि बढेको छ : शिक्षामन्त्री पोखरेल

*काठमाडौं, जेठ १० –*
सस्मीत पोखरेल ले सरकार चुनावी वाचापत्रअनुसार योजनाबद्ध रूपमा अघि बढिरहेको बताएका छन्।
काठमाडौं क्षेत्र नम्बर ५ मा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्दै शिक्षामन्त्री पोखरेलले सरकार र पार्टीले चुनावी प्रतिबद्धताअनुसार पहिलो महिना, सय दिन र एक वर्षभित्र पूरा गर्ने कार्यसूची क्रमशः कार्यान्वयन गरिरहेको बताए।
उनले देशभरका सामुदायिक विद्यालयमा पहुँचका आधारमा स्रोतसाधन वितरण हुने पुरानो प्रवृत्तिलाई वैज्ञानिक र व्यवस्थित




बनाउन सरकारले देशभर रहेका २७ हजार विद्यालयको विस्तृत अध्ययन सुरु गर्ने जानकारी दिए। उनका अनुसार विद्यालयको भौतिक अवस्था, कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालय लगायतका पूर्वाधारको विवरण संकलन गरी समग्र शिक्षा सुधारका लागि मास्टर प्लान तयार पारिनेछ।
मन्त्री पोखरेलले विश्वविद्यालय क्षेत्रमा बढ्दो राजनीतिकरण अन्त्य गरी प्राज्ञिक प्रणालीलाई सुदृढ बनाउन खुला प्रतिस्पर्धामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाइएको बताए। उनले आठ वटा विश्वविद्यालयमा खुला आवेदन आह्वान गर्दा २ सय १८ जनाको आवेदन परेको उल्लेख गर्दै यसले सरकारको निष्पक्ष प्रक्रिया प्रति विश्वास बढेको दाबी गरे।
कार्यक्रममा उनले निजी

बाँकी तेस्रो पृष्ठमा

# सचिव दरबन्दी पुनरावलोकनलाई प्राथमिकता, सहसचिव संख्या कटौतीको तयारी

*१० जेठ, काठमाडौं –*
सरकारले विभिन्न निकायहरूमा रहेका सचिवहरूको दरबन्दी पुनरावलोकनलाई प्राथमिकतामा राखेर काम अघि बढाइरहेको छ। कार्यपालिका अन्तर्गतका संरचनाहरूमा रहेका सचिवहरूको संगठनात्मक संरचना र संख्या समायोजन गर्ने तयारी भइरहेको हो। हाल संघीय तहमा ६३ जना सचिव र सातै प्रदेशका प्रमुख सचिवहरू गरी कुल ७० जना सचिव दरबन्दी रहेको छ। प्रदेशमा कार्यरत प्रमुख सचिवहरू संघीय निजामती सेवाअन्तर्गत नै रहने व्यवस्था छ। यसैगरी, स्वास्थ्य सेवामा सचिव सरहको १२औं



तहका चार जना अधिकृत कार्यरत छन्। अहिलेको संरचनाअनुसार सहसचिवहरूको संख्या करिब साढे ६ सय पुगेको छ। सरकारले संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मार्फत प्रशासनिक संरचना पुनरावलोकन गर्दै सहसचिवको संख्या घटाउने तयारी गरेको जनाएको छ। यसले प्रशासनिक संरचना चुस्त र खर्च व्यवस्थापन प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

# एमाले नेता उमाशंकर अरगरियाले पार्टी परित्याग

*काठमाडौं , जेठ १० –*
नेकपा (एमाले) का नेता उमाशंकर अरगरियाले पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका छन्।
पार्टी अध्यक्षलाई सम्बोधन गर्दै उनले पार्टीभित्र इमानदार कार्यकर्ताको सम्मान नभएको, आफू निकट कार्यकर्ताको व्यवस्थापन नगरेको तथा पार्टीविरुद्ध गतिविधि गर्ने व्यक्तिहरूलाई संरक्षण र प्रोत्साहन दिने प्रवृत्ति बढेको आरोप लगाएका छन्।
अरगरियाले लामो समयदेखि एमालेमा सक्रिय रहे पनि आफू पक्षका कार्यकर्ता अझै कमिटीविहीन अवस्थामा रहेको उल्लेख गर्दै पटक-पटक नेतृत्वलाई



जानकारी गराउँदा पनि सुनुवाइ नभएको बताएका छन्।
उमाशंकर अरगरिया धनुषा क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका प्रत्याशीसमेत रहेका छन्। उनले पार्टीभित्र योग्य र इमानदार कार्यकर्ता उपेक्षित हुने तर चुनावी प्रतिस्पर्धामा पार्टीलाई क्षति पुऱ्याउनेहरूलाई सम्मान दिइने प्रवृत्ति रहेको आरोप लगाएका छन्। उनका अनुसार पार्टीभित्रको यही अवस्थाबाट निराश हुँदै उनले आजकै मितिबाट लागू हुने गरी नेकपा (एमाले) को साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका हुन्।

# एसियन हाइवे निर्माणमा अवैध उत्खननको आरोप, प्रशासन भन्छ– अनियमितता पुष्टि भएको छैन

*विराटनगर, जेठ १० –*
निर्माणाधीन एसियन हाइवे अन्तर्गत झापा खण्डमा नदीजन्य सामग्रीको अवैध उत्खनन भएको भन्दै स्थानीयवासीले गम्भीर आरोप लगाएका छन्। स्थानीयले खोलानालामा मापदण्डविपरीत ढुंगा, गिट्टी र बालुवा उत्खनन भइरहेको दाबी गर्दै वातावरणीय मापदण्डको खुलेआम उल्लंघन भएको बताएका छन्।
स्थानीयका अनुसार सडक निर्माणको नाममा खोलाको अत्यधिक दोहन गरिँदा आसपासका बस्ती डुबान र कटानको जोखिममा परेका छन्। उनीहरूले केही क्रसर उद्योग र ठेकेदार कम्पनीले प्रशासनिक संरक्षणमा नियमविपरीत उत्खनन गरिरहेको आरोप लगाएका छन्।
नितेश ओली ले जिल्लाका विभिन्न खोलामा मापदण्डभन्दा बढी



उत्खनन भइरहेको दाबी गरे। उनका अनुसार एसियन हाइवे निर्माणको जिम्मा पाएका ठेकेदार कम्पनी र केही क्रसर उद्योगले खोलाको किनारमै मेसिन राखेर उत्खनन गरिरहेका छन्।
उनले सम्बन्धित निकायमा भिडियो प्रमाणसहित जानकारी गराइसकेको बताउँदै खोलाको छेउमै क्रसर सञ्चालन हुनु कानुनविपरीत भएको उल्लेख गरे। उनका अनुसार केही स्थानीय प्राविधिकले समेत अत्यधिक उत्खनन भएको स्वीकार गरे पनि सार्वजनिक रूपमा बोल्न चाहेका छैनन्।
स्थानीयवासीका अनुसार माई खोला, बिरिङ खोला लगायतका खोलाबाट जथाभावी उत्खनन हुँदा बर्खायाममा आसपासका बस्ती

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।